# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

### सूचना तथा प्रकाशन शाखा

### टाइपिष्ट पदहरुमा बढुवा (आ.प्र.) को लागि दरखास्त फाराम भर्ने सूचना

**सूचना नं. १११/०७६-७७**

टाइपिष्ट वर्गीकरण योजना, २०३८ बमोजिम नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्र अनंकित तृतीय र द्वितीय श्रेणीमा कार्यरत टाइपिष्टहरुलाई माथिल्लो पदमा बढुवा गर्नुपर्ने भएकाले देहाय अनुसारको योग्यता पुगेका टाइपिष्टहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बढुवा वि.नं. | कार्यालयको नाम | क्र.सं. | बढुवा वि.नं. | कार्यालयको नाम |
|---|---|---|---|---|---|
| १. | १०००१/०७६-७७ | लोक सेवा आयोग, धनकुटा कार्यालय | २. | १०६०१/०७६-७७ | लोक सेवा आयोग, इलाम कार्यालय |
| ३. | १०९५१/०७६-७७ | लोक सेवा आयोग, खोटाङ कार्यालय | ४. | ११३०१/०७६-७७६ | लोक सेवा आयोग, जलेश्वर कार्यालय |
| ५. | ११९०१/०७६-७७ | लोक सेवा आयोग, काठमाडौं कार्यालय | ६. | १२५०१/०७६-७७ | लोक सेवा आयोग, हेटौंडा कार्यालय |
| ७. | १२८५१/०७६-७७ | लोक सेवा आयोग, पोखरा कार्यालय | ८. | १३४५१/०७६-७७ | लोक सेवा आयोग, बाग्लुङ कार्यालय |
| ९. | १३८०१/०७६-७७ | लोक सेवा आयोग, बुटवल कार्यालय | १०. | १४४०१/०७६-७७ | लोक सेवा आयोग, दाङ कार्यालय |
| ११. | १४७५१/०७६-७७ | लोक सेवा आयोग, सुर्खेत कार्यालय | १२. | १५३५१/०७६-७७ | लोक सेवा आयोग, जुम्ला कार्यालय |
| १३. | १५७०१/०७६-७७ | लोक सेवा आयोग, दिपायल कार्यालय | १४. | १६३०१/०७६-७७ | लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय |

**द्रष्टव्य : Online Application System मा दरखास्त दिँदा माग पद संख्या उल्लेख भइ आए तापनि System सँग आवद्ध गर्ने प्रयोजनका लागि मात्र माग पद संख्या कायम गरिएको तर यो पदमा माग पद संख्या यकिन नहुने व्यहोरा जानकारी गराइन्छ ।**

## राजपत्र अनंकित द्वितीय श्रेणीको टाइपिष्ट पदमा बढुवा हुनका लागि आवश्यक योग्यता

(क) तृतीय श्रेणीको टाइपिष्ट पदमा कम्तिमा २ वर्षको स्थायी सेवा अवधि पूरा भएको ।

(ख) दशम् कक्षा उत्तीर्ण भएको ।

(ग) न्यूनतम वेग नेपालीमा ३५ शब्द प्रति मिनेट वा अंग्रेजीमा ५० शब्द प्रतिमिनेट भएको ।

तर एस.एल.सी. वा सो सरह उत्तीर्ण भएका स्थायी रा.प.अनं. तृतीय श्रेणीका टाइपिष्टहरुले रा.प.अनं. द्वितीय श्रेणीको टाइपिष्ट पदमा बढुवामा सम्मिलित हुनको लागि उपरोक्त दफा (क) मा उल्लिखित शर्त पूरा गर्नुपर्ने छैन ।

## राजपत्र अनंकित प्रथम श्रेणीको टाइपिष्ट पदमा बढुवा हुनका लागि आवश्यक योग्यता

(क) द्वितीय श्रेणीको टाइपिष्ट पदमा कम्तिमा ३ वर्षको स्थायी सेवा अवधि पूरा भएको ।

(ख) दशम् कक्षा उत्तीर्ण भएको ।

(ग) न्यूनतम वेग नेपालीमा ४५ शब्द प्रति मिनेट वा अंग्रेजीमा ६० शब्द प्रतिमिनेट भएको ।

तर आई.ए. वा सो सरह उत्तीर्ण भएका स्थायी रा.प.अनं. द्वितीय श्रेणीका टाइपिष्टहरुले रा.प.अनं. प्रथम श्रेणीको टाइपिष्ट पदमा बढुवामा सम्मिलित हुनको लागि उपरोक्त दफा (क) मा उल्लिखित शर्त पूरा गर्नुपर्ने छैन ।

**परीक्षाको किसिम :-** प्रयोगात्मक वेग परीक्षा र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र :-** विज्ञापनसँग सम्बन्धित आयोगका कार्यालयहरुले निर्धारण गरे अनुसार हुनेछ ।

**दरखास्त दस्तुर :-** रु. ३००।- (तीन सय)

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** अनलाइन दरखास्त प्रणालीमा तोकिए अनुसार Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन वा राष्ट्रिय वाणिज्य बैंक/ग्लोबल आई. एम. ई. बैंकबाट नगदै बुझाउन सकिनेछ ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको बैंकमा परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्तको माध्यम :-** विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ । अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विवरण psconline.psc.gov.np बाट हेर्न सकिनेछ ।

**अपलोड गर्नुपर्ने कागजातहरु :-** अनलाइन फारामको अपलोड खण्डमा उम्मेदवारले आफ्नो फोटो, हस्ताक्षर, शैक्षिक योग्यताको प्रमाणपत्रका साथै अनुभव आवश्यक पर्ने, समकक्षता आवश्यक पर्ने तथा उम्मेदवारको हकमा अनुभव, बिदा, शैक्षिक योग्यता लगायतका विवरण उल्लेख गरी प्रमाणित गरेको फाराम Scan गरी Upload गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :-** २०७६/५/१७ र दोब्बर दस्तुर २०७६/५/२४ सम्म ।

**उम्मेदवारको उमेरको हद :-** वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**अन्तर्वार्ता हुने मिति :** प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरण :** सेवा, समूह, उपसमूह सम्बन्धी ।

**तलब :** प्रचलित कानून बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालय :** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय ।

**वेग परीक्षा कार्यक्रम :** २०७६/६/६ गते बिहान ८:०० बजे ।